जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक १७८ २०७९ साल फागुन १ गते सोमबार (13 Feb. 2023 Monday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : दर्ता भएका पचास प्रतिशतदल ... ३ पृष्ठमा : टर्कीए र सिरियाका दशौं लाख ... ३ पृष्ठमाटर्कीएमा भूकम्पमा परि २८...

# डाक्नेश्वरीमा अन्तराष्ट्रिय अश्वमेघ महायज्ञ हुने



**दैनिक समाचारदाता**
**राजविराज, २९ माघ ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकामा आगामी चैत्र २ गते देखि श्री रामचरित्र मानस अन्तराष्ट्रिय अश्वमेघ महायज्ञको आयोजना हुने भएको छ । आयोजक समितीले आईतवार पत्रकार सम्मेलनको आयोजना गरी सो जानकारी दिएको हो ।

विश्वशान्ति, हिन्दुधर्मको रक्षा तथा प्रचार प्रसार र मानव कल्याणको कामनाका साथ आयोजना गरिने महायज्ञमा १० लाख भन्दा बढीको सहभागीता हुने सम्मेलनमा महायज्ञ आयोजक समितीका अध्यक्ष ओम प्रकाश यादवले जानकारी दिएका छन ।

१३ दिन सम्म चल्ने उक्त महायज्ञमा नेपाल तथा भारतका विभिन्न विद्वान लगायत साधु, सन्तहरुको व्यापक सहभागिता हुने तथा महायज्ञको उदघाटनका दिन १० हजार महिलाको सहभागितामा कलश यात्रा तथा महायज्ञ अवधीभर घोडाद्वारा हिन्दु धर्मको रक्षाका लागी सन्देशमुलक नारा सहित आसपासका क्षेत्रमा समेत प्रचार प्रसार गरिने आयोजक समितीका सचिव रामचन्द्र मण्डलले जानकारी दिए ।

जिल्लामै पहिलो पल्ट यस प्रकारको महायज्ञको आयोजना हुन लागेको हन्सपुर स्थित जानकी मन्दीरका महन्थ देवदास निर्माण( राम रतन दासले दाबी गरे ।

महायज्ञमा भारतका डा.मानस मधुकर, राजेश पण्डित, नेपालका यज्ञाचार्य सुभाष मिश्र, अशोक मिश्र तथा विभिन्न साधुसन्तहरुद्वारा द्वारा प्रवचन तथा गौतम राशलिला र रामलिला प्रस्तुत गरिने आयोजक समतीका उपाध्यक्ष सतेन्द्र कुमार मण्डलले जानकारी दिए ।

धार्मिक कार्यक्रमका साथै महायज्ञ अवधीभर मनोरंजनका लागी राम झुला, सरकस, जादु, कुश्ती लगायतका खेल तमासा पनि आयोजना गरिने आयोजकले जानकारी दिएको छ ।

# हतियार देखाई लुटपाट गर्ने पाँच व्यक्ति हतियार र नगदसहित पक्राउ

**दैनिक समाचारदाता**
**पर्सा, २९ माघ ।**

पर्सा प्रहरीले बिरगंज महानगरपालिका वडा न.९ स्थित रेल्वे सडकमा हतियार देखाई लुटपाट गर्ने पाँच व्यक्तिलाई हतियार र ६ लाख ५० नगदसहित पक्राउ गरेको छ ।

भारतको बिहार राज्य अन्तरगत मोतिहारी पुर्बी चाम्परण ग्राम नागारोड वडा न. ११ बस्ने २१ भ०स्वर्षिय बिशाल कुमार पटवाले दिएको जानकारीका आधारमा प्रहरीले वडा न. ७ बस्ने बर्ष २४ वर्षिय ययाम अंसारी, बिरगंज निवासी ४० वर्षिय रोशन थापा, ४२ वर्षिय मोजामिन मिया, ३४ वर्षिय सन्तोस लामा, र रामगढवा बस्ने ३४ वर्षिय बिजय महतोलाई पक्राउ गरेको हो ।

उनीहरुको साथबाट पेस्तोल, गोली ५ राउण्ड बरामद गरिएको पर्सा प्रहरीले जनाएको छ । प्रहरीका अनुसार सा.ना.१९.प.२८०८ र ना.६२प.१००२२० मोटरसाइकल समेत नियन्त्रणमा लिइएको छ भने सातजना ब्यक्तीहरुका साथबाट लुटिएको रकम मध्ये दुई लाख पनि बरामद गरिएको छ ।

# तरुण दलको जिल्ला समिति बिस्तार

**दैनिक समाचारदाता**
**राजविराज, २९ माघ ।**

नेपाल तरुण दल जिल्ला कार्य समिति सप्तरी बिस्तार गरिएको छ ।

तरुण दलका अध्यक्ष अर्जुन कुमार यादवद्वारा आइतबार जारि विज्ञप्तिमा समितिका उपाध्यक्षद्वयमा घनश्याम चन्द्र यादव र साजन साफीलाई चयन गरिएको छ ।

यसैगरि सचिवद्वयमा रबिन्द्र गोइत र श्रीनारायण यादव तथा सहसचिवहरुमा सुशान्त मण्डल, विष्णु कुमार मेहता र सन्तोष कुमार साहलाई चयन गरिएको छ भने कोषाध्यक्षमा चन्द्रबिर यादव रहेका छन् ।

यस्तै सदस्यहरुमा ज्ञानेन्द्र यादव, रुपेश कुमार चौधरी, दिपक कुमार ठाकुर, रबिन्द्र यादव, रामचन्द्र यादव, सुभाष कुमार यादव, अस्मिता दास, देवेन्द्र शर्मा र हरेराम मण्डल रहेका छन् ।

# आज सार्वजनिक बिदा

**दैनिक समाचारदाता**
**काठमाडौँ, २९ माघ ।**

सरकारले फागुन १ गते जनयुद्ध दिवसका रूपमा सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले सो निर्णय गरेको हो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को अध्यक्षतामा बसेको मन्त्रिपरिषद् बैठकले नेपालको राजनीतिक परिवर्तनमा जनयुद्धले पुऱ्याएको योगदानको कदर गर्दै सार्वजनिक बिदा दिने घोषणा गरेको प्रधानमन्त्रीका प्रेस विज्ञ मनहरि तिमिल्सिनाले जानकारी दिनुभयो ।

जनयुद्धको नेतृत्वकर्ता पार्टी माओवादी केन्द्रले प्रत्येक वर्ष फागुन १ गतेलाई जनयुद्ध दिवसको रूपमा मनाउँदै आएको छ । यसअघि पुस २७ लाई राष्ट्रिय एकता दिवसका रूपमा सरकारले सार्वजनिक बिदा दिएको थियो ।

# रास्वपाको दल दर्ता खारेज गर्न माग गर्दै निर्वाचन आयोगमा निवेदन दर्ता

**दैनिक समाचारदाता**
**काठमाडौं, २९ माघ ।**

राष्ट्रिय स्वतन्त्र पार्टीको दल दर्ता खारेज गर्न माग गर्दै आइतबार निर्वाचन आयोगमा निवेदन दर्ता भएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी दर्ता हुँदाकै बखत कानुनी रूपमा अवैधानिक तथा अयोग्य रहेको दाबी गर्दै युवराज सफलले निवेदन दर्ता गराएका हुन् । उनले यस अभि पनि सो पार्टीको दर्ता खारेजीका लागि निवेदन दिएका थिए ।

'राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ९५० को उपदफा ९च० को व्यवस्था हेर्दा पार्टी दर्ता कायम हुन न्यूनतम २१ जनाको केन्द्रीय समिति चाहिन्छ तर निवेदनको बुँदा नं. ९२०को निर्णयबाट पार्टी सभापति रवि लामिछाने तत्कालीन समयमा दल दर्ता गर्न अयोग्य रहेको भन्ने पुष्टि भएसँगै २१ जनाको केन्द्रीय समिति २० जनामा सीमित भएको छ । यो अवस्था पार्टी दर्ता हुन अयोग्य भएको अवस्था हो,' निवेदनमा दाबी गरिएको छ ।

पार्टीले दर्ता हुनको लागि पुरा

*बाँकी अन्तिम पृष्ठमा*

**बोलबम !**  **बोलबम !!**  **बोलबम !!!**

**यही मिति २०७९ साल फाल्गुन ६ गते महाशिवरात्री पर्व पर्न गएको हुँदा सो अवसरमा सप्तकोशी ब्यारेजको पवित्र जल काँवरमा ल्याई प्राचीन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिरमा जल रिसाल गरी पूण्यको भागी बनौं ।**

**अनुरोधकर्ता**
**श्री हरिनन्देश्वर महादेव मन्दिर**
**संरक्षण, सम्बर्द्धन समिति, राजविराज**

**आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार**

**तपाईकै सहर राजविराजमा**


आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**
**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**
**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय

### सिंचाई क्षेत्रमा सुधार आवश्यक

सप्तरीको सिंचाई क्षेत्रमा सुधार आवश्यक रहेको छ। अव्यवस्थित सिंचाई प्रणालीका कारण किसानहरुलाई खेती गर्न निकै कठिनाई भइरहेको छ। अहिले पनि किसानहरु आकाशे पानीको भरमा खेती गर्न बाध्य छन्। जिल्लाको सिंचाईमा अपेक्षा अनुकुलको सुधार आउन नसकेकोमा किसानहरु खेती गर्ने समयमा निकै निरासका साथ आफ्नो बलबुते गर्न बाध्य हुन्छन्।

यता सरकारले बारम्बार सिंचाईको उचित व्यवस्था गर्ने प्रतिबद्धता जनाएपनि हालसम्म आवश्यकता अनुसारको सिचाई सुविधा उपलब्ध गराउन असमर्थ रहेको छ। धान उत्पादनको दृष्टिकोणले सप्तरी महत्वपुर्ण जिल्लाको रुपमा चिनिदै आएको छ। समतल र उर्वराभुमि रहेको सप्तरी जिल्लामा धान मात्र नभई अन्नबाली र अन्य तरकारीबालीको पनि उत्पादन राम्रै हुने गरेको छ। तर, अव्यबस्थित सिंचाईकै कारण सप्तरीमा धानबालीसँगै अन्यबालीहरुको समेत उत्पादन घट्दै आएको छ। बर्षाको भरमा खेती गर्ने यहाँका किसानहरु बर्षा नभए खडेरीको मार समेत खेप्दै आएका छन्।

सिचाईकै आभावमा बर्षेनी जिल्लामा कृषि उत्पादनमा ह्रास आउँदा पनि सम्बन्धित निकाय यस समस्याप्रति गम्भीर नहुनु दुर्भाग्यपुर्ण हो। तसर्थ कृषि क्षेत्रको उर्वरा शक्ति बढाउन व्यवस्थित सिंचाई प्रणालीलाई व्यवस्थित गर्नेतर्फ प्रदेश र संघ सरकार प्रतिबद्ध हुनु आवश्यक छ।

# दर्ता भएका पचास प्रतिशत दल मात्रै लड्छन् चुनाव

काठमाडौँ, २९ माघ (रासस)।

दलहरूबीचको स्वच्छ प्रतिस्पर्धा लोकतान्त्रिक व्यवस्थाको सौन्दर्य मानिन्छ। समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिले संविधान र कानुनबमोजिम राजनीतिक दल दर्ता, सञ्चालन र व्यवस्थापन गर्न पाउँछन्।

राजनीतिक दल दर्ताका दलका लागि विधान, घोषणापत्र, कम्तीमा पाँच सय नेपाली मतदाताले दलको सदस्यता प्राप्त गर्न गरेको प्रतिबद्धतापत्र, कम्तीमा २१ सदस्यीय समितिको व्यवस्थाका साथै नागरिकतालगायत कागजात आवश्यक पर्छ। निर्वाचन आयोगमा दर्ता हुनेमध्ये झण्डै ५० प्रतिशत दलले मात्रै निर्वाचमा भाग लिइरहेका हुन्छन्। निर्वाचनमा भाग लिएकामध्ये पनि सङ्घीय संसद्मा प्रत्यक्षमा निर्वाचन हुने दल १० प्रतिशतको हाराहारीमा हुने गरेका छन्।

आयोगको तथ्याङ्कअनुसार हाल एक सय १६ राजनीतिक दलको दर्ता कायम छ। त्यसमध्ये गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनमा भाग लिने प्रयोजनका लागि ८६ दल (७४ दशमलव १४ प्रतिशत)ले दल दर्ता गराएका थिए भने ४७ दल (४० दशमलव ५२ प्रतिशत)ले समानुपातिकतर्फको बन्दसूची पेस गरेका थिए। यस्तै प्रत्यक्षतर्फ ६१ दल (५२ दशमलव ५९ प्रतिशत)ले भाग लिएका थिए भने प्रत्यक्षतर्फ सङ्घीय संसद्मा १२ दल (१० प्रतिशत ३४ प्रतिशत)ले जित हासिल गरेका छन्। गत स्थानीय तहको निर्वाचनमा ७८ राजनीतिक दलले निर्वाचनमा भाग लिन निवेदन दिएकामा ५८ दल मात्र सहभागी भएका थिए।

दर्ता भएका सबै दलले निर्वाचनमा भाग लिनैपर्ने कानुनी बाध्यता छैन। तर निर्वाचनमै भाग नलिने दल किन दर्ता हुन्छन् भन्ने प्रश्न अहिले निर्वाचन समीक्षाका क्रममा उठ्न थालेको छ। आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले निर्वाचनमा भाग नलिने तर दर्ता मात्रै हुने दलका लागि आयोगले प्रक्रियागत कामका लागि समय र स्रोतको प्रबन्ध गर्नुपर्ने हुँदा राजनीतिक दल व्यवस्थापनको कार्य बोझिलो भएको बताउनुभयो। उहाँले निर्वाचनसम्बन्धी कानुनको संशोधनका क्रममा यस्ता विषयलाई सम्बोधन गरिनुपर्ने सुझाव सरोकारवाला पक्षबाट आउन थालेको बताउनुभयो।

नेपालको संविधान, राजनीतिक दलसम्बन्धी ऐन, २०७३, राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ तथा प्रचलित सङ्घीय कानुनबमोजिमका प्रावधान पालना गर्ने शर्तमा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम आयोगले राजनीतिक दल दर्ता तथा अभिलेखीकरण गर्दै आएको छ। आयोगले प्रचलित कानुनबमोजिम आवश्यक कागजात र प्रक्रिया पूरा भएपछि दल दर्ता गरी सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नुका साथै सम्बन्धित दललाई दल दर्ताको प्रमाणपत्र र निर्वाचन चिह्न प्रदान गर्दछ। यसरी दर्ता भएका दलसम्बन्धी जानकारी प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयलाई समेत दिने गर्दछ। सो क्रममा आयोगको जनशक्ति र स्रोत साधनको प्रयोग हुन्छ।

गत आर्थिक वर्षमा आयोगले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १२ बमोजिमको प्रक्रिया पूरा गरी राजनीतिक दलको दर्ता खारेज गर्नसक्ने व्यवस्थाबमोजिम तोकेको अवधिभित्र तोकिएको जरिवाना तिर्न बुझाउन नआउने ४४ राजनीतिक दलको हकमा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५४ को उपदफा ९४० आकर्षित हुने देखिएकाले दर्ता खारेजको निर्णय गरेको छ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन सञ्चालन र व्यवस्थापनका अनुभवका आधारमा आयोगले निर्वाचनसम्बन्धी कानून संशोधनका लागि गृहकार्य गरिरहेको उल्लेख गर्दै एक पटक दर्ता भएका दलले पटकपटक निर्वाचनमा भाग नलिएमा के गर्ने ? उक्त दल दर्ता खारेज गर्ने नगर्ने जस्ता विषयलाई टुङ्गो लगाउनुपर्ने बताउनुभयो। उहाँले विज्ञ र अनुभवीको सुझावका आधारमा संविधान र कानुनमा संशोधन भएमा त्यसलाई कार्यान्वयन गर्न आयोग तत्पर रहेको स्पष्ट गर्नुभयो।

निर्वाचन प्रणालीमा हुनुपर्ने नीतिगत सुझावका लागि अध्ययन भइरहेको जिकिर गर्दै उहाँले जनताको चाहना, माग र आवश्यकताका आधारमा प्रणालीगत सुधार गर्नुपर्ने सवालका सम्बन्धमा नीति अध्ययन प्रतिष्ठानको सहकार्यमा अध्ययन भइरहेको जनाउनुभयो। आयोगले नेपालको संविधानको धारा २९४ बमोजिम विसं २०७८ साउन १ गतेदेखि २०७९ साल असार मसान्तसम्ममा सम्पादन गरेका काम कारबाहीको सोह्रौँ वार्षिक प्रतिवेदन आइतबार राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष बुझाउँदैछ।

# मौद्रिक नीतिले निजी क्षेत्रलाई उकास्न सकेन

काठमाडौँ, २९ माघ (रासस)।

चालु आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत नेपाल राष्ट्र बैंकले ल्याएका प्रावधानले निजी क्षेत्रको मनोबल उकास्न नसकेको नेपाल उद्योग परिसंघले जनाएको छ।

परिसंघले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै निजी क्षेत्रले गरेको अपेक्षाअनुसार मौद्रिक नीतिका व्यवस्थाहरु आउन नसकेको बताएको हो। "निष्क्रिय कर्जामा भइरहेको वृद्धि, उच्च ब्याजदर आदिका कारण बजार अपेक्षित चलायमान हुन नसकि उद्योगी व्यवसायीको आत्मबल कमजोर भएको समयमा राष्ट्र बैंकबाट व्याजदरमा कमि ल्याई बजार चलायमान बनाउने गरी मौद्रिक नीति आउने सबैको अपेक्षा थियो। अर्धवार्षिक समिक्षाले निजी क्षेत्रको मनोबल आशा अनुरुप उच्च गर्न नसकेको हामीले महशुस गरेका छौँ", विज्ञप्तिमा भनिएको छ।

यद्यपि, मौद्रिक नीतिको समीक्षाले साना तथा मझौला उद्योगलाई भने केही हौसला दिन खोजेको परिसंघको भनाइ छ। गत पुस मसान्तसम्म सक्रिय वर्गमा रहेको रू दुई करोडसम्मको कर्जालाई उद्योग व्यवसायको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी २०८० असार मसान्तभित्र पुनःसंरचना तथा पुनरतालिकिकरण गर्न दिने व्यवस्था सकारात्मक रहेको परिसंघको भनाइ छ। साथै सबै ऋणीको कर्जा पुनःसंरचना र पुनरतालिकीकरण गरिनुपर्ने सुझाव दिएको छ।

"लामो समय देखिको विषम परिस्थिति, बजारको चर्को ब्याजदर, घट्दो बजार मागलगायत कारणले वित्तीय असन्तुलन भई कर्जाको साँवा तथा ब्याज भुक्तान गर्न नसकिरहेका सम्पूर्ण उद्योग व्यवसायलाई आगामी असार मसान्तभित्र पुनःसंरचना तथा पुनरतालिकिकरण गर्न दिनुपर्ने छ, "परिसंघले विज्ञप्तिमार्फत् भनेको छ। यो विषयलाई राष्ट्र बैंकले आगामी निर्देशनबाट सम्बोधन गर्नुपर्ने मागसमेत गरेको छ।

राष्ट्र बैंकले दैनिक तरलता सुविधा अन्तर्गत ओभरनाइट तरलता सुविधा एक दशमलव पाँच प्रतिशत बिन्दुले कम गरेकामा यसले मुद्रा बजारको ब्याजदरमा केहि कमी ल्याउन सहयोग गर्ने परिसंघको बुझाइ छ।

त्यस्तै, कर्जाको वर्गीकरणमा पुनरावलोकन गर्न र पुँजी सिर्जना गर्ने क्षेत्रमा लगानी बढाउनका लागि केही महत्वपूर्ण व्यवस्था गर्न आवश्यक रहेको परिसंघले जनाएको छ। बजारलाई चलायमान बनाइ पुँजीको सिर्जना गर्न साना, मझौलालगायत ठूला उद्योगमा कर्जाको सहज प्रवाह, पुँजी बजार, कमर्सियल हाउजिङ्ग तथा अपार्टमेन्टमा लगानी सहज बनाउन तथा विभिन्न लगानीमा एक सय ५० प्रतिशतसम्म जोखिम कम गर्नुपर्नेलगायतका विषयमा राष्ट्र बैंकले पुरानै प्रावधान कायम राखेको छ। अर्धवार्षिक समीक्षा पश्चात् आउने निर्देशनमा उल्लेखित विषयसमेत सम्बोधन गर्न परिसंघ पुनः नेपाल राष्ट्र बैंक समक्ष आग्रह गरेको छ।

# बजेट मध्यावधि समीक्षा : आकार दुई खर्ब ४४ अर्बले घटाइयो

काठमाडौँ, २९ माघ (रासस)।

सरकारले चालु आर्थिक वर्ष २०७९/८० को बजेटको मध्यावधि समीक्षा गर्दै बजेटको आकार घटाएको छ। सरकारले बजेटको आकार रू दुई खर्ब ४४ अर्ब बराबरले घटाएको हो।

उपप्रधान एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आइतबार प्रतिनिधिसभामा चालु आर्थिक वर्षको बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्दै बजेटको आकार घटेको जानकारी दिनुभएको हो। चालु आवमा कूल सरकारी खर्च रू १७ खर्ब ९३ अर्ब ८३ करोड बराबर हुने सुरुवाती अनुमान रहेकोमा त्यसलाई घटाएर रू १५ खर्ब ४९ अर्ब ९९ करोड कायम गरिएको छ। बजेटको आधार १४ प्रतिशतले घटाइएको हो।

*बाँकी अन्तिम पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# टर्कीए र सिरियाका दशौं लाख भूकम्पपीडित सहयोगको प्रतीक्षामा

कहरामनमारस (टर्कीए), २९ माघ (रासस/एएफपी)।

टर्कीए र सिरियाका दशौँ लाख भूकम्पपीडित सहयोगको प्रतीक्षा गरिरहेका छन्भने प्रतिकूल मौसमको पर्वाह नगरी दशौँ हजार उद्धारकर्मी खोज तथा उद्धारमा जुटेका छन्।



निराशा र महाविनाशका बीच उद्धारकर्मीहरूले आइतबार बिहान सात महिनाको एक शिशु र अर्की एक किशोरीलाई भग्नावशेषबाट जीवितै उद्धार गरेका छन्। शनिबार पनि एक ७० वर्षीयालाई जीवितै उद्धार गरिएको थियो। भूकम्पको करिब एक सातापछि पीडितहरूलाई जीवित उद्धार गर्न सफल भएकामा उनीहरूले त्यसलाई चमत्कार भन्दै हर्ष प्रकट गरेका छन्।

दक्षिणी टर्कीएमा केही परिवार हराइरहेका आफ्ना परिवारको खोजीमा उद्धारकर्मीसँगै जुटेका छन्। शोकाकुल अर्को परिवार चिहानमा परिणत खेतमा बिलौना गरिरहेको छ। उक्त खेतमा हजारौँ शव व्यवस्थापन गरिएको छ।

सुरक्षाको कारण देखाउँदै केही सहायता निकायले राहत सामग्री वितरण रोकेपछि दर्जनौँलाई लुटपाट मच्चाएको अभियोगमा पक्राउ गरिएको सरकारी समाचार समितिले जनाएको छ। जर्मनी र अष्ट्रेलियाले शनिबार केही स्थानमा राहत सामग्री वितरण स्थगन गरेका थिए। केही ठाउँमा झडप पनि भएको थियो।

**भूकम्पबाट दुई करोड छब्बीस लाख प्रभावित**

कहरामनमारसलाई केन्द्रविन्दु बनाएर भएको सात दशमलव आठ म्याग्निच्युडको पहिलो भूकम्प र त्यसको केही क्षणपछि त्यति नै शक्तिशाली अर्को कम्पबाट तहसनहस भएको टर्कीए र सिरियाका दुई करोड छब्बीस लाख मानिस प्रभावित भएका छन्।

संयुक्त राष्ट्रसङ्घले टर्कीए र सिरियाका आठ लाख ७० हजार भूकम्पपीडितलाई तत्काल तातो खाना आवश्यक परेको बताएको छ। उक्त विश्व संस्थाले सिरियामा ५३ लाख मानिस घरवारविहीन भएका अनुमान गरेको छ। भूकम्पले दर्जनौँ अस्पताल ध्वस्त भएका छन्।

टर्कीएको विपद् व्यवस्थापन निकायले देशका विभिन्न सामाजिक संस्थाका ३२ हजारभन्दा बढी स्वयम्सेवकका साथै आठ हजार दुई सय ९४ जना अन्तर्राष्ट्रिय उद्धारकर्मी खोज तथा उद्धारमा जुटेका जनाएको छ। टर्कीएको गाजिन्टेपका चमेनागृहमा हजारौँ स्वयम्सेवक भूकम्पपीडितलाई खुवाउन हरसंभव सहयोग गरिरहेका छन्। आफ्नो गाडीलाई नै शयन कक्षमा परिणत गरेर केही स्वयम्सेवक सेवामा तल्लीन छन्।

संयुक्त राष्ट्रसङ्घले कुर्दिश लडाकु र सिरियाली विद्रोही सक्रिय रहेका क्षेत्रमा मानवीय सहायता परिचालनमा अवरोध नगर्न आह्वान गरेको छ। साथै उक्त संस्थाले मानवीय सहयोग परिचलानमा सघाउन आग्रह पनि गरेको छ। राहत सामग्री ढुवानीका लागि पैतीस वर्षपछि आर्मेनिया र टर्कीएबीचको बाटो पनि खोलिएको छ। शनिबारदेखि उक्त बाटो सञ्चालनमा आएको हो।

**एलेप्पोमा चिकित्सा सहयोग**

सहयोग वर्षौंको आन्तरिक द्वन्द्वका कारण कमजोर रहेको सिरियाको स्वास्थ्य सेवा प्रणाली नाजुक छ। त्यहाँ स्वास्थ्यलगायत राहत सामग्री परिचालनमा पनि विलम्ब भएको छ। विश्व स्वास्थ्य सङ्गठनका प्रमुख आपत्कालीन स्वास्थ्य सामग्री र उपकरण लिएर भूकम्प प्रभावित एलेप्पो पुगेका छन्। उनले भूकम्पबाट मातापिता तथा अभिभावक गुमाएका बालबालिकालाई भेटेका छन्।

सिरिया सरकारले पनि भूकम्प प्रभावित विद्रोही नियन्त्रित क्षेत्रमा मानवीय सहायता सामग्री ढुवानीको अनुमति दिएको छ। राजधानी दमास्कसमा विभिन्न देशबाट राहत सामग्री लिएर ५७ वटा विमान अवतरण गरेका त्यहाँका यातायातमन्त्रीले बताएका छन्।

टर्कीएले पनि सिरियासँगका दुई वटा नयाँ सीमा नाका खोल्ने बताएको छ। यसअघि संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसले सुरक्षा परिषद्लाई टर्कीए र सिरियाबीचका सीमा नाका खोल्ने अनुमतिका निम्ति आग्रह गर्नुभएको थियो।

**जनमानसमा आक्रोश**

भूकम्पमा घर, परिवारसँगै सर्वस्व गुमाएका पीडित गुणस्तरहीन भवन निर्माता तथा सरकारीस्तरका उद्धार तथा राहतमा विलम्ब भएकामा जनसाधारण आक्रोशित भएका छन्। अधिकारीहरूका अनुसार १२ हजार एक सय ४१ भवन भत्केका वा गम्भीर रूपमा क्षतिग्रस्त भएका छन्।

टर्कीए सरकारले गुणस्तरहीन भवन बनाएको अभियोगमा कयौँ निर्माण व्यवसायीलाई पक्राउ गरेको छ। अदाना शहरका अभियोजकले भत्केका भवनका सम्बन्धमा अनुसन्धान गर्न ६२ जनालाई हिरासतमा राख्न आदेश दिएका छन्।

सिरियाका भूकम्प प्रभावित क्षेत्रमा खाना, पानी, बस्नेस्थान, उपकरण केही नभएकाले सेवा प्रवाह हुन नसकेको चिकित्सकहरूले बताएका छन्। सिरियाका स्वास्थ्यमन्त्री हसन अल गब्बासले संयुक्त राष्ट्र सङ्घ, रेडक्रसको अन्तर्राष्ट्रिय समिति र अन्य अन्तर्राष्ट्रिय संस्थाहरूलाई सहयोगका निम्ति आह्वान गर्नुभएको छ।

रेडक्रसको अन्तर्राष्ट्रिय समितिले सिरियन रेड क्रिसेन्टलाई आपतकालीन मानवीय सहायतास्वरुप दुई लाख अमेरिकी डलर नगद उपलब्ध गराएको छ। साथै समितले भूकम्प प्रभावित क्षेत्रमा थप सहायता उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको छ।

सिरियाका लागि युरोपेली सङ्घका राजदूतले भूकम्पपीडितलाई सङ्घले पर्याप्त सहयोग नगरेको आरोपको खण्डन गरेका छन्। भूकम्प प्रभावित दुवै देशका लागि पर्याप्त सहयोग उपलब्ध गराउन सङ्घ असफल भएको आरोप लगाउनु उचित नभएको उनले बताएका छन्। एक दशकभन्दा लामो समयदेखि सङ्घले सिरियालाई निरन्तर सहयोग गर्दै आएको तथा भूकम्पले सृजना गरेको सङ्कटको यो घडीमा अझ बढी सहायता सिरियाका निम्ति परिचालन गरिएको दाबी उनले गरेका छन्।

विश्व ब्याङ्कले एक अर्ब ७८ करोड अमेरिकी डलर राहत सहायता उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको छ। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसले अन्तर्राष्ट्रिय समुदायलाई टर्कीएका भूकम्पपीडितका लागि थप आर्थिक सहायता उपलब्ध गराउन आह्वान गर्नुभएको छ। साथै उहाँले आगामी साता टर्कीए र सिरियाका निम्ति आर्थिक सहायता जुटाउन दातृ निकायको सम्मेलन आयोजना गर्ने घोषणा गर्नुभएको छ।

उद्धारकर्मीहरूले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार सिरिया र टर्कीएमा २९ हजार एक सय १७ जनाको मृत्यु भएको छ। टर्कीएमा २४ हजार छ सय १७ जना तथा सिरियामा चार हजार पाँच सय जनाले ज्यान गुमाएका छन्। संयुक्त राष्ट्रसङ्घले महाभूकम्पबाट ५० हजारले ज्यान गुमाएका अनुमान गरेको छ। गत सोमबारदेखि आइतबारसम्म टर्कीएमा दुई हजार तीन सय ५६ परकम्प महसुस गरिएको छ।

# सबै नेपाली दूतावासमा ‘श्रमिक हेल्प डेस्क’ राखिने

काठमाडौँ, २९ माघ (रासस)।

सरकारले विदेशस्थित विभिन्न मुलुकमा रहेका नेपाली दूतावासमा श्रमिकका लागि हेल्पडेस्क राख्ने निर्णय गरेको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को निर्देशन र पहलपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले दूतावासहरूमा हेल्प डेस्क राख्ने निर्णय गरेको हो।

यही माघ पहिलो साता प्रधानमन्त्रीले श्रम सचिवसहित मन्त्रालयका अधिकारीलाई बोलाएर वैदेशिक रोजगारीका क्रममा विदेशमा रहेका नेपालीले अनेकौँ झमेला र सास्ती भोग्नुपरेकाले त्यस्तो समस्या सम्बोधनका लागि डेस्क राख्न निर्देशन दिनुभएकामा मन्त्रालयले गृहकार्य गरेको थियो। गृहकार्य पूरा गरेपश्चात् मन्त्रालयले विदेशस्थित विभिन्न मुलुकमा कार्यरत श्रमिक एवं कामदारको समस्या सम्बोधन गर्न छुट्टै ‘फोकल डेस्क’ राख्ने निर्णय गरेको हो। मन्त्रालयको निर्णय जानकारी गराउँदै श्रम, रोजगार तथा सामाजिक सुरक्षा सचिव एकनारायण अर्यालले भन्नुभयो, “विदेशमा रहेका नेपाली कामदारका समस्याबारे प्रधानमन्त्रीले चासो दिँदै ‘हेल्प डेस्क’ राख्न भन्नुभएको थियो। निर्देशनपछि हामीले गृहकार्य गरेर यो निर्णयमा पुगेका हौँ।

सरकारको यो निर्णयले विदेशमा रहेका सम्पूर्ण श्रमिकको पेशागत हकहित, सुरक्षा र प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएका छौँ। यस निर्णयलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्नेछौँ।” विदेशस्थित विभिन्न मुलुकमा कार्यरत श्रमिक एवं कामदारको समस्या सम्बोधन गर्न छुट्टै ‘फोकल डेस्क’को व्यवस्थासम्बन्धी माघ २५ गतेको निर्णयमा भनिएको छ, “विभिन्न मुलुकमा कार्यरत नेपाली श्रमिकका समस्यालाई तत्काल सम्बोधन गर्न तथा समस्या समाधानमा थप सहजीकरण गर्नका लागि विदेशस्थित सबै नेपाली नियोगमा श्रमिकहरूका सबै प्रकारका समस्या सम्बोधन, सहजीकरण एवं मन्त्रालयमा प्रतिवेदन गर्न सबै नियोगमा श्रम डेस्क (लेबर डेस्क) स्थापना गरिनेछ।”

यस्तै सो निर्णयमा अगाडि भनिएको छ यही माघ २५ गते प्रधानमन्त्री तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीस्तरीय निर्णय भएको छ। त्यसैगरी परराष्ट्र मन्त्रालयमा समेत श्रमिकका समस्या समाधानार्थ समन्वय गर्न छुट्टै ‘डेडिकेटेड फोकल प्वाइन्ट’ तोकी कार्यारम्भ गर्ने निर्णय भएको छ। यसबाट विदेशस्थित विभिन्न मुलुकमा कार्यरत श्रमिकका समस्या तत्काल सम्बोधन हुने अपेक्षा गरिएको छ।”

## विश्व समाचार

### टर्कीएमा भूकम्पमा परि २८ हजारभन्दा बढीको मृत्यु

इस्तानबुल, २९ माघ (रासस/एएफपी)।

टर्कीएको पूर्वी भाग र छिमेकी सिरियामा गत सोमबार भएको भूकम्पमा परी २८ हजार एक सय ९२ जनाको मृत्यु भएको छ भने हजारौँ घाइते भएका छन्। टर्कीएको कहरामनमारसलाई केन्द्रविन्दु बनाएर सात दशमलव आठ म्याग्निच्युडको भूकम्पबाट दश वटा प्रान्तमा अकल्पनीय क्षति भएको छ

हालसम्म टर्कीएमा २४ हजार छ सय १७ जनाले ज्यान गुमाएका उपराष्ट्रपति फुवाट ओक्टेले बताउनुभएको छ। सिरियामा तीन हजार पाँच सय ७५ जनाको ज्यान गएको छ। सरकार नियन्त्रित क्षेत्रमा एक हजार चार सय आठ जना तथा विद्रोहीको पकड भएका भूभागमा दुई हजार एक सय ६७ जनाको मृत्यु भएको उद्धारमा संलग्न स्वयम्सेवी संस्थाका प्रतिनिधिहरूले बताएका छन्। विद्रोहीको पकड रहेको उत्तरपश्चिमी सिरियमा उद्धारका काम समाप्त भएको जनाउँदै स्यम्सेवी संस्थाहरूले लामो गृहयुद्धका कारण त्यहाँ राहतका कार्यक्रम सञ्चालन गर्न कठिनाइ भएको बताएका छन्। सिरिया सरकारले विद्रोही नियन्त्रित क्षेत्रमा राहतका कार्यक्रम सञ्चालन गर्ने अनुमति दिएको बताए पनि त्यससम्बन्धी वास्तविक विवरण दिएको छैन।

इटालीका रक्षामन्त्री गुइडो क्रोसेटोले सिरियाली भूकम्पपीडितलाई सहायता सामग्री बेरुतको लेबनानबाट परिचालन गरिएको बताउनुभएको छ। रेडक्रस र रेडक्रिसेन्टलगायत अन्तर्राष्ट्रिय परोपकारी संस्थामार्फत राहत सामग्री वितरण गरिने जानकारी उहाँले दिनुभएको छ। भैँचालोले भत्काएको भवनको भग्नावशेषबाट जीवितै उद्धार गर्न टर्कीएमा उद्धारकर्मी अझै सङ्घर्ष गरिरहेका छन् भने केही संस्थाले सुरक्षाका कारण खोज तथा उद्धारका काम रोकेका छन्। टर्कीए सरकारले गुणस्तरहीन भवन बनाएको अभियोगमा कयौँ निर्माण व्यवसायीलाई पक्राउ गरेको छ। अदाना शहरका अभियोजकले भत्केका भवनका सम्बन्धमा अनुसन्धान गर्न ६२ जनालाई हिरासतमा राख्न आदेश गरेका छन्।

### ठूलो परिमाणमा हातहतियार बरामद

पुल-ए-खुम्री (अफगानिस्तान), २९ माघ (रासस/सिन्ह्वा)।

अफगान प्रहरीले उत्तरी बाघलान प्रान्तबाट ठूलो परिमाणमा हातहतियार बरामद गरेको छ। यहाँस्थित एउटा घरमा छापा मारेर सुरक्षाकर्मीले विभिन्न किसिमका हतियार र गोलाबारुद बरामद गरेका प्रान्तीय प्रहरी प्रवक्ता मौलावी शिर अहमद बुर्हानीले बताएका छन्।

गोप्य सूचनाका आधारमा छापा मारेर सुरक्षाकर्मीले एक थान रकेट प्रोपेल्ड ग्रेनेड, पाँच थान एके-४७, १३ थान पेस्तोल र भारी मात्रामा ग्रिनेड नियन्त्रणमा लिएको छ। हालैका दिनमा सुरक्षा बलले बगलान, छिमेकी कुन्दुज र समङ्गन प्रान्तबाट हजारौँ हातियार र गोलाबारुद बरामद गरेको छ। वर्षौंको युद्धबाट तहसनहस भएको अफगान सरकारले देशमा शान्ति, सुरक्षा एवम् स्थायित्व कायम गर्न सुरक्षा निकायबाहेक अन्यलाई हतियार राख्न नदिने नीति लिएको छ भने त्यस्ता हातहतियार सम्बन्धित व्यक्तिबाट जफत गर्ने वाचा गरेको छ।

### सैनिक कारबाहीमा एक सय सत्र लडाकू मारिए

मोगादिसु, २९ माघ (रासस सिन्ह्वा)।

सोमाली सेनाले अल-शबाबविरुद्ध गरेको पछिल्लो कारबाहीमा एक सय १७ जना लडाकू मारिएका छन्। अमारा शहर नजिक शुक्रबार भएको आठ घण्टा लामो कारबाहीमा ती लडाका मारिएका सोमाली राष्ट्रिय सेनाका एक अधिकारीले बताएका छन्।

अशान्त सोमालियाको राजनीतिक स्थायित्वका निम्ति खटिएका अन्तर्राष्ट्रिय साझेदार मुलुकका सैनिकको सहयोगमा उक्त कारबाही गरिएको हो। कारबाहीमा बाँचेकाहरू जङ्गलतर्फ भागेकाले उनीहरूको व्यापक खोजी भइरहेको छ। हालैका दिनमा अन्तर्राष्ट्रिय साझेदारसहितको राष्ट्रिय फौजले अल-शबाबविरुद्धको कारबाहीलाई तीव्र बनाएको छ। साथै उसको पकडमा रहेका क्षेत्र राज्यको नियन्त्रणमा ल्याउन सफलता मिलेको छ।

### आठ सय युवा अफगान राष्ट्रिय सेनामा

काबुल, २९ माघ (रासस सिन्ह्वा)।

अफगानिस्तानले आठ सय युवालाई आफ्नो राष्ट्रिय सेनामा भर्ती गरेको छ। राजधानी काबुल र पश्चिमी हेरात प्रान्तमा तीन महिनाको सैन्य तालिम पूरा गरेपछि उनीहरूलाई भर्ना गरिएको रक्षा मन्त्रालयले जनाएको छ।

हेरात प्रान्तको अल फारुक आर्मी कर्प्सबाट तीन महिनाको सैन्य तालिम पूरा गरेका चार सय ८० जना तथा काबुल सैनिक प्रशिक्षण प्रतिष्ठानबाट केही दिनअघि तालिम गरेका तीन सय २२ जनालाई सेनामा भर्ना गरिएको रक्षा मन्त्रालयले शनिबार यहाँ एक विज्ञप्ति निकालेर बताएको हो। रक्षा मन्त्रालयका अनुसार अफगानिस्तानले आफ्नो सिमानाको रक्षा गर्न एक लाख ५० हजार जवानको सुदृढ फौज तयार गर्ने योजना बनाएको छ। नयाँ भर्ना भएका सैनिकलाई देशका विभिन्न भागमा तैनाथ गरिने छ।

# चिकित्सक संघको आन्दोलन स्थगित, छ बुँदे सहमति

काठमाडौं, २९ माघ (रासस)।

नेपाल चिकित्सक सङ्घले आन्दोलनका सम्पूर्ण कार्यक्रम तत्कालका लागि स्थगित गरेको छ।

सरकार र सङ्घबीच आइतबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा भएको वार्तापछि छ बुँदे सहमति भएको र आन्दोलनका सम्पूर्ण कार्यक्रम तत्काल स्थगित गरी आ-आफ्नो कार्य जिम्मेवारी सम्हाल्ने निर्णय भएको वार्ता टोलीमा सहभागी सङ्घका पूर्वअध्यक्ष डा मुक्तिराज श्रेष्ठले राससलाई जानकारी दिनुभयो।

सङ्घ चिकित्सकमाथि भएको आक्रमणको विरोधमा बहिरङ्ग सेवा बन्द गर्दै आन्दोलनमा उत्रिएको थियो। वार्तामा माघ २७ गते दिनको ४:१५ बजे राष्ट्रिय ट्रमा सेन्टर र वीर अस्पताल अगाडि विशिष्ट व्यत्तिको सवारी सुरक्षा व्यवस्थापन गर्ने क्रममा भएको घटनाबारे वार्ता टोलीबीच छलफल भएको र घटनामा घाइते हुनुभएका चिकित्सकहरुको शीघ्र स्वास्थ्य लाभको कामना गरिएको छ।

सहमतिमा उक्त दिन घटेको घटनाको सम्बन्धमा सम्बन्धित सुरक्षाकर्मीलाई निलम्बन गरी छानबिन सुरु भइसकेकाले समग्र पक्षमा एक हप्ताभित्र छानबिन सम्पन्न गरी दोषीलाई कारबाही गर्ने र घाइते चिकित्सकको उपचारको व्यवस्था नेपाल सरकारले गर्ने उल्लेख छ।

वार्ता टोलीबीच विशिष्ट व्यक्तिको सवारीमा सुरक्षा व्यवस्थापन गर्दा बिरामी एवं आमनागरिक र विशेष गरी स्वास्थ्य संस्था, विद्यालयलगायतका संवेदनशिल संस्था तथा क्षेत्रहरुमा असहजता नहुने गरी 'विशिष्ट व्यक्तिहरुको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७' मा गर्नुपर्ने परिमार्जनसम्बन्धमा नेपाल सरकार समक्ष एक हप्ताभित्र सुझाव पेश गर्ने र सरकारले उक्त सुझावहरुलाई यथाशीघ्र कार्यान्वयनमा लैजाने पनि सहमति भएको छ।

सहमतिमा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (संशोधसहित) ऐन, २०६६ बमोजिम स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने तथा स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको सुरक्षालाई थप प्रभावकारी बनाउन आवश्यक व्यवस्था गर्ने उल्लेख छ।

सहमतिपत्रमा नेपाल चिकित्सक सङ्घका अध्यक्षबाट अध्यक्ष डा लोचन कार्की र सरकारका तर्फबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव डा. गणेशप्रसाद पाण्डेयले हस्ताक्षर गर्नुभएको छ।

वार्तामा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव डा. गणेशप्रसाद पाण्डेय, गृहमन्त्रालयका प्रतिनिधि जितेन्द्र बस्नेत, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रतिनिधि डा रुद्र मरासिनी, नेपाल चिकित्सक सङ्घका अध्यक्ष डा लोचन कार्की, नेपाल चिकित्सक सङ्घका पूर्वअध्यक्ष डा मुक्तिराम श्रेष्ठ तथा नेपाल चिकित्सक सङ्घका महासचिव डा बद्री रिजालको उपस्थिति थियो।

अन्य प्रतिनिधिमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा रोशन पोखरेल, उपत्यका प्रहरी कार्यालय काठमाडौंका प्रहरी अतिरिक्त महानिरिक्षक दिवेश लोहनी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका सहसचिव नारायणप्रसाद भट्ट, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहसचिव कृष्ण पौडेल, जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्याय, जिल्ला प्रहरी परिसर काठमाडौंबाट प्रहरी वरिष्ठ उपरीक्षक दानबहादुर कार्की, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका शाखा अधिकृत सागर अधिकारी हुनुहुन्थ्यो।

## बजेट मध्यावधि ...

चालु खर्चतर्फ रू ११ खर्ब ८३ अर्ब २३ करोड बराबर सुरुवाती विनियोजन थियो। त्यसलाई घटाएर रू १० खर्ब २१ अर्ब ९२ करोडमा झारिएको छ। जुन सुरुवाती विनियोजनको ८६ दशमलव ३७ प्रतिशत बराबर हो। त्यसैगरी पुँजीगत खर्चतर्फ रू तीन खर्ब ८० अर्ब ३८ करोड बराबर सुरुवाती विनियोजन रहेकोमा त्यसलाई घटाएर रू तीन खर्ब १३ अर्ब ८५ करोडमा झारिएको छ। जुन सुरुवाती विनियोजनको ८२ दशमलव ५१ प्रतिशत बराबर हो।

वित्तीय व्यवस्थातर्फ रू दुई खर्ब ३० अर्ब २१ करोड बराबर सुरुवाती विनियोजन रहेकोमा त्यसलाई घटाएर रू दुई खर्ब १४ अर्ब २१ करोडमा झारिएको छ। जुन सुरु विनियोजनको ९३ दशमलव ०५ प्रतिशत बराबर हो।


## रास्वपाको दल दर्ता...

गर्नुपर्ने न्यूनतम मापदण्ड नै पुरा नगरी दर्ता गरेकोले तत्काल सो पार्टीको दर्ता खारेज गरी सो पार्टीका तर्फबाट सञ्चालन भएका हालसम्मका राजनीतिक गतिविधि तथा कामकारबाहीलाई अवैधानिक घोषणा गर्न माग गरिएको छ।

# स्वास्थ्य शिवीरबाट ३ सय ५० जना भन्दा बढी गरि, असहाय लाभान्वित

**दैनिक समाचारदाता**
**दोलखा, २९ माघ।**

आर्थिक अभावका कारण विभिन्न रोग पालेर घरमै बस्न बाध्य ३ सय ५० भन्दा बढी गरिब असहाय समुदायका विरामीले आईतवार आफ्नै गामठाममा आएका चिकित्सकको टोलीबाट निःशुल्क उपचार सेवा प्राप्त गरेका छन्।



महाराजगंज शिक्षण अस्पतालका नेपाल मेडिकल स्टुडेन्ट सोसाईटी र हेल्थ अवरनेस इनसिएटिभ वाई मेडिकल स्टुडेन्टको संयुक्त आयोजनामा संचालित एक दिने निःशुल्क स्वास्थ्य शिवीरबाट ३ सय ५० जना भन्दा बढीले निःशुल्क स्वास्थ्य सेवा प्राप्त गरेका हुन।

दोलखाको सेलुङ्ग गाउँपालिकामा संचालित शिवीरमा शिक्षण अस्पतालका डा.गणेश तिवारी,डा.भुवन गिरिका साथै मेडिकल अफिसर, रेसिडेन्स चिकित्सक तथा शिक्षण अस्पतालका विद्यार्थी सहितको टालीले स्वास्थ्य सेवा प्रदान गरेको नेपाल मेडिकल स्टुडेण्ड सोसाईटिका सदस्य अभिजित माझीले जानकारी दिए।

शिवीरमा स्त्री रोग, हाडजोर्नी, नशारोग, बाल रोग, दन्त रोग लगायतका विरामीको उपचार गरिएको छ। शिवीरमा जचाउन आएका विरामीहरुलाई स्वास्थ्य परिक्षणका साथै औषधी समेत निःशुल्क उपलब्ध गराइएको नेपाल मेडिकल स्टुडेन्ट सोसाईटिले जनाएको छ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## जातीय विभेदको अन्त्य गरौं

- जातीय आधारमा नभई मानिसको ज्ञान, सीप र कर्मको कदर गरौं।
- मानिसको श्रेष्ठता उसको आचरणले निर्धारण गर्दछ।
- कर्मद्वारा मानिसको श्रेष्ठता कायम गरौं।
- जातीय विभेदले पैदा गरेको अन्धविश्वासमा नपरौं।
- छुवाछुत र भेदभावजन्य कार्य दण्डनीय हो, सचेत रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु →
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*